आज मिति २०७८/०१/०८ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जि. समन्वय अधिकारी, जिल्ला समन्वय समित | - श्री डिग बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

**आमन्त्रित**

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति, सिन्धुली | - श्री शंकरराज वर्मा तीवारी |
| नगर उप प्रमुख कमलामाई नगरपालिका | - श्री मञ्जु देवकोटा |
| सिन्धुली अस्पताल विकास समिति अध्यक्ष | - श्री प्रल्हाद प्रसाद पोखरेल |
| प्रमुख प्रशासकीय अधिकृत, फिक्कल गा.पा. | - राजु प्रसाद न्यौपाने |
| उद्योग बाणिज्य संघ, व. उपाध्यक्ष | - अर्जुन कुमार श्रेष्ठ |
| रिलिफ नेपाल, सिन्धुली | - दुर्गा पौडेल |
| सिड्स नेपाल, सिन्धुली | - गोपाल कुमार पौडेल |
| सभापति, पत्रकार महासंघ सिन्धुली | - कृष्णहरि घिमिरे |

**निर्णयहरु:**

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), सिंहदरवार, काठमाडौको चलानी नं. ३०४४, मिति २०७८/०१/०६ गतेको मन्त्रिपरिपद्को बैठकबाट निर्णय भए भए बमोजिम "नयाँ भेरिएन्ट" सहितको कोभिड-१९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रण सम्बन्धी आदेश, २०७८ जारी भएको । सो आदेशको पूर्ण पालना गर्ने गराउन साथै सरोकारवाला र सर्वसाधारणहरुमा अनुरोध गर्ने :-

तपसिलः

- विद्यालय र कलेजका पूर्व निर्धारित परिक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोतात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।
- सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने ।
- मठ, मन्दिर, मस्जित, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।
- एक पटकमा पच्चिस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजर गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धि मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने ।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्क परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा ब्रतवन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु प्रर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारी पूर्व स्वीकृत लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने ।
- सभा, सम्मेलन, गोष्टि, सेमिनार, समीक्षा, बंठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

  तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्य मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्ने सकिने ।
- सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्नेः-

  क) सिट क्षमता भन्दा वढी यात्रु नराख्ने ।

  ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

  ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

  घ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

  ङ) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैंया लिई मास्क उपलब्ध गराउनु पर्ने ।
- कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैंया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

- होटल तथा रेष्टुरेण्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात टेकलवे र होम डेलिभरी मात्र उपलब्ध गराउनेः-

  क) होटल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

  ख) होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

  ग) कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

  घ) सेनिटाईजरको व्यवस्था गर्नु पर्ने,

  ङ) होटल तथा सेनिटाईजरलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,

  च) होटल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राहीले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैंया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

  छ) राष्ट्रिय राजमार्गमा सञ्चालित होटल तथा रेष्टुरेण्टहरुले माथि उल्लेखित बमोजिमका जनस्वास्थ्यका मापदण्ड पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।
- सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।
- कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्नेः-

  क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

  ख) घर बाहिर निस्किदा अनिवार्य रुपमा मास्को प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ विसर्जन गर्ने ।

  ग) घर तथा सार्वजनिक स्थानमा जथाभावि नथुक्ने र प्रयोग गरिएको मास्क नफाल्ने ।

  घ) विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्राक ट्रेसिङमा परेमा परिक्षणबाट नतिजा नेगेटिभ आएतापनि कम्तिमा दश दिन होम क्वारेन्टाइनमा अनिवार्य रुपमा बस्ने ।

  ङ) पि.सि.आर. परिक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने ।

  च) स्थानीय तहमा क्वारेन्टाइन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

  छ) अन्य व्यक्तिहरुले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई जानकारी गराउने ।

  ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्य कर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धि कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पताल जाने ।

२. कोभिड-१९ नियन्त्रणलाई थप प्रभावकारी बनाउन सबै स्थानीयतहमा एक केश इन्भेष्टिगेशन तथा कन्ट्याक्ट ट्रेसिङ टिम राख्ने र सो टिममा निम्न बमोजिमको सदस्य रहेन गरी समिति गठन गर्नेः-

| | |
|---|---|
| क) जनस्वास्थ्य अधिकृत | - संयोजक |
| ख) हे.अ./स्टाप नर्स | - सदस्य |
| ग) ल्याव टेक्निसियन/ल्याव असिस्टेन्ट | - सदस्य |

३. कोभिड-१९ रोग नियन्त्रण गर्नका लागि विभिन्न जनचेतनामूलक सामाग्री तयार गरी स्थानीय संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने र सो को लागि सबै स्थानीय तह, उद्योग बाणिज्य संघ तथा स्वास्थ्य कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने ।

४. सिन्धुली जिल्लामा कार्य गरिरहेका गैर सरकारी संस्थाहरुलाई कोभिड-१९ रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन तयारी अवस्थामा रहन अनुरोध गर्ने ।

५. कोभिड-१९ को कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन स्थल तोकि पठाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने ।